श्री

# सर्वोच्च अदालत

कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या, मिति र खाममा विभाग तथा फाँट उल्लेख गर्नुहोला।

रामशाहपथ, काठमाडौं
☎ ४२००७२८, ४२००७२९, ४२००७५०
फ्याक्स: ४२००७४९
पो.ब.नं.: २०४३८

Email: info@supremecourt.gov.np
admin@supremecourt.gov.np
Web: www.supremecourt.gov.np

पत्र संख्या
प्राप्त पत्र संख्या र मिति :
च.नं.: ४२०

मिति २०७५/०६/११

विषय : <u>परिपत्र सम्बन्धमा</u>।

श्री जिल्ला अदालतहरू सबै।

उपर्युक्त विषयमा केही नेपाल कानून संशोधन, एकिकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) मा "*कुनै कानून अन्तर्गत कुनै अदालतबाट भइसकेको सजाय सोही कानून बमोजिम नै कार्यान्वियन हुनेछ तर त्यस्तो सजाय मुलुकी अपराध संहितामा सोही कसूरमा लेखिएको सजायभन्दा बढी हुने रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय कार्यान्वियन हुनेछ* " भन्ने कानूनी व्यवस्था रहेको छ। मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा २८९ को उपदफा (२) मा गाई वा गोरू मर्न गएमा त्यस्तो कसुर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद हुने व्यवस्था रहेको सन्दर्भमा मिति २०७५।०५।०१ गते भन्दा अगाडी गौवध मुद्दामा कुनै अदालतबाट फैसला भई सजाय कार्यान्वयनको क्रममा रहेको प्रतिवादीलाई तीन वर्ष भन्दा बढी कैद सजाय गर्न नमिल्ने हुँदा कुनै व्यक्ति गौवध मुद्दामा तीन वर्ष भन्दा बढी अवधि थुना वा कैदमा रहेको भए निजलाई तत्काल थुना वा कैद मुक्त गरी दिनु भनी सबै अदालतहरुमा लेखी पठाउने भनी संहिताहरुको कार्यान्वयनको क्रममा आइपर्ने समस्याहरुलाई सम्बोधन गर्न यस अदालतमा गठन भएको बाधा अड्काउ फुकाउने संयन्त्रको मिति २०७५।०६।११ गते बसेको बैठकबाट निर्णय भएको हुँदा सोही निर्णयानुसार गर्नुहुन अनुरोध गर्दछु।

महेन्द्रनाथ उपाध्याय
रजिस्ट्रार